चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/०३/०२
बैठक संख्या : तेह्रौं (२०८१/०८२)

आज मिति २०८२ साल असार ०२ गते सोमवारका दिन चन्द्रकोट गाउँपालिकाका अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको अध्यक्षतामा गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक वसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरीयो।

<u>उपस्थिति</u>

| सि.नं. | पदाधिकारीकोनामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज खत्री क्षत्री | अध्यक्ष | |
| २. | श्री विष्णु प्रसाद भण्डारी | उपाध्यक्ष | |
| ३. | श्री घनश्याम खरेल | १ नं. वडा, वडाअध्यक्ष, प्रवक्ता | |
| ४. | श्री कमल के.सी. | २ नं. वडा,वडाअध्यक्ष | |
| ५. | श्री डिल्लीराज सुवेदी | ३ नं. वडा,वडाअध्यक्ष | |
| ६. | श्री बल बहादुर बस्नेत | ४ नं. वडा, वडाअध्यक्ष | |
| ७. | श्री पृथ बहादुर कार्की | ५ नं. वडा, वडाअध्यक्ष | |
| ८. | श्री अमरसिंह दगामी | ६ नं. वडा, वडाअध्यक्ष | |
| ९. | श्री अनन्तराम भण्डारी | ७ नं. वडा, वडाअध्यक्ष | |
| १०. | श्री फणिन्द्र राज अर्याल | ८ नं. वडा, वडाअध्यक्ष | |
| ११. | श्री डिलमाया बुढाथोकी | कार्यपालिका सदस्य | |
| १२. | श्री विष्णुकला थापा | कार्यपालिका सदस्य | |
| १३. | श्री लक्षिमा अर्याल | कार्यपालिका सदस्य | |
| १४. | श्री विष्णुमाया सापकोटा | कार्यपालिका सदस्य | |
| १५. | श्री धन बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १६. | श्री सूर्य कुमार बस्याल | कार्यपालिका सदस्य | |
| १७. | श्री बुद्ध प्रकाश पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १८. | श्री शिवप्रसाद ज्ञवाली | प्रशासकीय अधिकृत | |
| १९. | श्री प्रशान्त रिजाल | लेखा अधिकृत | |

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/०३/०२
बैठक संख्या : तेह्रौं (२०८१/०८२)

**प्रस्तावहरु :**

१. आ.व २०८२/०८३ का लागि नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा।
२. विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT व्यवस्थापन अनुदान सम्बन्धमा।
३. प्रधानाध्यापक प्रोत्साहन भत्ता सम्बन्धमा।
४. कार्यसम्पादन जमानत रकम दाखिला स्थगन सम्बन्धमा।
५. कृषि यन्त्र उपकरण खरिद सम्बन्धमा।

**निर्णयहरु :**

१. माथिको प्रस्ताव नं. १ उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिका गुल्मीको आगामी बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम माथी छलफल सम्पन्न भयो। साथै यसैगरी आगामी आर्थिक बर्षको बजेट माथी छलफल गरियो।

२. माथिको प्रस्ताव नं. २ उपर छलफल गर्दा विद्यालयमा शैक्षिक गुणस्तर तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत चालु आर्थिक बर्षका लागि विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT व्यवस्थापन (फिक्सिङ्, किताव खरिद तथा इपुस्तकालय समेत) अन्तर्गत प्रयोगशाला अनुदानका लागि प्रदान गरिने रु ६ लाख ५० हजार रकमबाट कार्यसंचालन गर्नेगरी श्री हर्राचौर माध्यमिक विद्यालय चन्द्रकोट ३ लाई छनौट गर्ने।

३. माथिको प्रस्ताव नं.३ उपर छलफल गर्दा यस गाउँपालिकाको चालु आर्थिक बर्षमा शिक्षातर्फ बिनियोजित प्रधानाध्यापक प्रोत्साहन भत्ता कार्यक्रम रु ३ लाख २५ हजारबाट प्रत्येक माध्यमिक विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुका लागि मासिक रु १ हजार र आधारभूत तह (१-८) मा कार्यरत प्रधानाध्यापक हरुका लागि मासिक रु ८०० र आधारभूत तह (१-५) मा कार्यरत प्रधानाध्यापक हरुका लागि मासिक रु ५०० प्रोत्साहन भत्ता प्रदान गर्ने।

४. माथिको प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत योजना संचालन गर्नेगरी संझौता भएको ठेक्का नम्बर CRM-GUL-NCB-W-02-080/081 को Construction of Eklepipal Barbot Raikar Dabhung Road र ठेक्का नम्बर CRM-GUL-NCB-W-5-080/81 को Construction of Shantipur Majuwa Drain Construction & Road Upgrading Work को कार्यसंचालन नगरेको कारण मिति २०८२/०२/०६ गते सम्बन्धित बैङ्कलाई कार्यसम्पादन जमानत रकम दाखिला गर्नका अनुरोध गरि पत्राचार गरिएकामा उल्लेखित योजना संचालनका लागि संझौता गरेका निर्माण व्यवसायिहरुले कार्यपालिका समक्ष चालु आर्थिक बर्षमै कार्यसम्पन्न गर्ने प्रतिबद्धता जाहेर गरेको हुँदा हाल लाई चालु आर्थिक बर्षको २०८२/०३/२० गतेसम्मका लागि जमानत रकम दाखिला स्थगन गर्नका लागि सम्बन्धित बैङ्कलाई पत्राचार गर्ने।

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत